# अघिल्लो संविधानसभाको स्वामित्व ग्रहण

भुवन केसी/तिलक पाठक

Alliance for Social Dialogue

***प्रकाशित मितिः*** चैत्र २४, २०७०

नयाँ संविधान जारी गर्दा संविधानसभा अध्यक्ष र राष्ट्रपतिको भूमिकालाई लिएर सत्तारुढ दल नेपाली काँग्रेस र नेकपा एमलेबीच विवाद भयो । मुख्य राजनीतिक दलहरुबीचको विवादले संविधानसभाको संविधानसभा नियमावलीले अन्तिम रुप पाउने ढिला भयो । तैपनि संविधानसभा नियमावली पारित हुनु, संविधान निर्माणमा भूमिका निर्वाह गर्ने संविधानसभाका समितिहरुमा नेतृत्व चयन हुनु र अघिल्लो संविधानसभाले गरेका कामको स्वामित्व लिएर अघि दलहरु अघि बढनुले संविधान निर्माण हुनेमा आशा भने थपियो । तर, बैठक बस्न गणपुरक संख्या समेत नपुग्दा संसद समेत आलोचित भयो । उता, राजनीतिक सहमति जुटाएर २६ जना सभासद चयन गर्न पनि सरकार असफल भयो ।

**स्वामित्व ग्रहण**

संविधानसभा नियमावली २०६५ मा संविधानसभा अध्यक्षले प्रमाणीकरण गरेपछि औपचारिक राष्ट्रिय समारोह आयोजना गरिने र सोही समारोमार्फत राष्ट्रपतिले संविधान जारी गरी नयाँ संविधान लागू भएको घोषणा गर्ने व्यवसथा थियो।[1] संविधानसभा नियमावली २०७० बनाउने बेलामा काँग्रेसले राष्ट्रपतिले प्रमाणीकरण गरेर राष्ट्रपतिले नै संविधान जारी गर्नुपर्ने तर्क गर्यो । पहिलेको नियमावलीमा भुलबस सभाध्यक्षले प्रमाणीकरण गर्ने व्यवस्था भएको र त्यसलाई सच्चाउनु पर्ने काँग्रेसको जिकिर थियो । एमालेले काँग्रेसले अनावश्यक बखेडा झिकेको भन्दै पहिलेको नियमावली अनुसार नै हुनु पर्ने तर्क गर्यो । विवाद भइरहेका बेला एमाले केन्द्रीय कमिटीले 'संविधान बनाउने दायित्व संविधानसभाको भएको र तदनुरूप संविधानको प्रमाणीकरण गर्ने दायित्व संविधानसभाका अध्यक्षमा निहित रहेको तथा सम्मानननीय राष्ट्रपतिज्यूबाट त्यसलाई सार्वजनिक गर्ने व्यवस्था संविधानसभा कार्यसञ्चालन नियमावलीमा गरिएको स्पष्ट छ । त्यस व्यवस्थालाई परिवर्तन गर्नुपर्ने कुनै आवश्यकता, औचित्य र आधार नभएकाले यस सम्बन्धमा

[1]संविधानसभा नियमावली २०६५ को दफा १०८ को नियम (२) मा 'संविधानसभाबाट पारित भइ उपनियम (१) बमोजिम सदस्यहरुले हस्ताक्षर गरेको संविधानको विधेयक अध्यक्षद्वारा प्रमाणीकरण भएपछि त्यस्तो विधेयकले संविधानको रुप धारणा गर्नेछ । तर कुनै सदस्यको हस्ताक्षर हुन बाँकी रहेका कारणले मात्र यस नियम बमोजिम संविधानको विधेयकको प्रमाणीकरण गर्न बाधा पर्ने छैन' उल्लेख थियो भने नियम (३) मा 'उपनियम (२) बमोजिम प्रमाणीकरण भएको संविधानमा संविधान प्रारम्भ हुने भनी निर्धारण गरिएको मितिमा संविधानसभाले औपचारिक राष्ट्रिय समारोहको आयोजना गरी पारित संविधानको प्रति अध्यक्षले राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले सोही समारोह मार्फत नेपाली जनता समक्ष संविधान सार्वजनिक गरी नयाँ संविधान प्रारम्भ भएको घोषणा गर्नेछ' भन्ने उल्लेख थियो ।

अनावश्यक विवाद सिर्जना गर्न नहुने र विद्यमान व्यवस्थाकै आधारमा अगाडि बढ्नुपर्ने मान्यतामा पार्टीले थप जोड दिएको छ'[2] भन्यो ।

नियमावलीका धेरै विषय मिलेपनि काँग्रेस र एमालेबीच विवाद हुँदा संविधान नियमावली मस्यौदा समितिले आफ्नो काम बेलैमा सक्न पाएन । त्यसपछि समितिको म्याद एक साताका लागि थपियो ।[3] एमाओवादी अध्यक्ष पुष्पकमल दाहालले सरकार बनाउन चार महिना लगाएर समय बर्वाद गरेका काँग्रेस र एमालेले संविधानको प्रमाणीकरण कस्ले गर्ने भन्ने झगडा गरेर संविधानसभालाई एजेण्डाबिहिन बनाएको आरोप लगाए ।[4]

यसबीचमा काँग्रेस र एमालेबीच छलफल हुँदा नयाँ संविधान संविधानसभा अध्यक्षले प्रमाणीकरण गर्ने र राष्ट्रपतिले हस्ताक्षर गरी घोषणा गर्नेमा सहमति भयो । अनि संविधानसभाबाट संविधानसभको नियमावली पारित गर्ने वातावरण बन्यो । र, पारित भयो पनि ।[5]

संविधानसभा नियमावली पारित भएपछि राजनीतिक दलहरुबीच संविधानसभाका समितिहरुको नेतृत्व लिनेबारे छलफल भयो । काँग्रेस र एमालेबीच छलफल हुँदा एमाओवादीलाई संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिको नेतृत्व दिने र संवैधानिक समितिको नेतृत्व काँग्रेसले गर्ने, संविधान अभिलेख अध्ययन तथा निक्यौंल समितिको नेतृत्व एमालेले गर्ने र बाँकी दुईवटा समितिको नेतृत्व तराई मधेश केन्द्रित र साना राजनीतिक दलहरुलाई दिने सहमति भयो । शुरुमा एमाओवादीले राजनीतिक संवाद समितिमा नेता बाबुराम भट्टराईलाई पठाउने तयारी गरेको थियो । तर काँग्रेस र एमालेले माओवादी अध्यक्ष पुष्पकमल दाहाललाई ल्याउन चाहेका थिए । उता दाहाल उच्चस्तरीय राजनीतिक संयन्त्र बनाउने र त्यसको नेतृत्व आफै गर्न चाहान्थे । पार्टीभित्र पनि शक्तिबाँड मिलाउने र राष्ट्रिय राजनीतिमा प्रभाव कायमै राख्ने एमाओवादीको लक्ष्य थियो भने एमाओवादी अध्यक्ष दाहाललाई समिति अध्यक्ष बनाउँदा उच्चस्तरीय राजनीतिक

[2] २०७० साल फागुन २२ गते नेकपा एमालेले जारी गरेको प्रेस विज्ञप्ति ।

[3] २०७० साल फागुन २० गते मस्यौदा समितिको म्याद थपिएको थियो ।

[4] २०७० फागुन २४ गते एमाओवादीका प्रवक्ता दिनानाथ शर्माले जारी गरेको प्रेस विज्ञप्ति ।

[5] संविधानसभा नियमावाली २०७० को नियम (२) मा 'उपनियम (१) बमोजिम सदस्यहरुले हस्ताक्षर गरेको संविधानको विधेयक अध्यक्षद्वारा प्रमाणीत भएपछि त्यस्तो विधेयकले संविधानको रुप धारण गर्नेछ । तर कुनै सदस्यको हस्ताक्षर हुन बाँकी रहेको कारणले मात्र यस नियम बमोजिम संविधानको विधेयकको प्रमाणीत गर्न बाधा पर्ने छैन' उल्लेख थियो भने नियम उपदफा (३) मा 'उप नियम (२) बमोजिम प्रमाणीत भएको संविधानमा संविधान प्रारम्भ हुने भनि निर्धारण गरिएको मितिमा संविधानसभाले ओपचारिक राष्ट्रिय समारोहको आयोजना गरी पारित संविधानको प्रति अध्यक्षले राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले सोही समारोहमा प्रस्तुत संविधानको प्रतिमा अनूसूची-७ बमोजिमको ढाँचामा हस्ताक्षर गरी नेपाली जनता समक्ष नयाँ संविधान प्रारम्भ भएको घोषणा गर्नेछ' भन्ने उल्लेख छ ।

संयन्त्र पनि बनाउन नपर्ने र काम गर्न पनि सजिलो हुने काँग्रेस र एमालेको ठम्याइ थियो । तर, एमाओवादीले भट्टराईलाई नै संवाद समितिको नेतृत्वमा अघि सार्यो । यो समितिलाई राजनीतिक दलहरुले निकै महत्व दिएका थिए । अधिकांश राजनीतिक दलका शिर्ष नेताहरु यही समितिमा रहे ।[6]

संवैधानिक समितिको नेतृत्वका लागि  भने काँग्रेसका उपसभापति रामचन्द्र पौडेलले रुची देखाएका थिए । तर, पार्टीभित्रको समिकरणले गर्दा पौडेलले होइन, महामन्त्री कृष्ण सिटौलाले समितिको नेतृत्व पाए । विधान अभिलेख अध्ययन तथा निक्यौंल समितिमा एमालेका सचिव विष्णु पौडेल सभापति भए भने क्षमता अभिवृद्धि तथा स्रोत व्यवस्थापन समितिमा मधेशी जनअधिकार फोरम नेपालकी लक्ष्मी चौधरी र नागरिक सम्बन्ध समितिमा नेकपा मालेकी प्रमीला राणा चयन भइन । मुख्य राजनीतिक दलहरुबीच सहमति भएकाले समितिका सभापतिहरु निर्विरोध निर्वाचित भएका हुन् ।

त्यसपछि अघिल्लो संविधानसभामा भएका सहमतिको स्वामित्व लिने गरी संविधानसभा बैठकमा अघिल्लो संविधानसभाको कार्यकालमा भएका समितिका प्रतिवेदन र सहमतिहरुलाई पेश गरियो । जसलाई संविधानसभाले पारित गर्यो । यसले लामो समयदेखि रहँदै आएको अघिल्लो संविधानसभाले गरेका कामको स्वामित्व लिएर राजनीतिक दलहरुले अघि बढलान कि नबढलान भन्ने आशंकालाई मेटाइदियो । निमयावली पारित, समितिहरुको नेतृत्व चयन र स्वामित्व लिने निर्णयले तीव्र गतिमा संविधान निर्माणको ढोका खोलिदियो ।

## हुन सकेन नियुक्ति

अन्तरिम संविधान २०६३ को धारा ६३ को उपधारा (३) को (ग) मा राष्ट्रिय जीवनमा महत्वपूर्ण योगदान पुर्याएका विशिष्ट व्यक्तिहरु र प्रत्यक्ष तथा समानुपातिक निर्वाचन प्रणालीबाट प्रतिनिधित्व हुन नसकेका आदिवासी जनजाति मध्येबाट सहमतिका आधारमा मन्त्रिपरिषद्बाट २६ जना सभासद् चयन हुने व्यवस्था थियो । तर,  सभासद्हरुको बेलैमा मनोनयन हुन सकेन । राजनीतिक दलहरुले यसबारे छलफल गरेका हुन् । उनीहरुबीच कुन कुन दललाई कति कित सिट भनेर समेत छलफल भएको थियो । तर, सरकारले यसमा तदारुकता देखाएर काम गरेन ।

[6] समितिमा प्रधानमन्त्री एवं काँग्रेस सभापति सुशील कोइराला, वरिष्ठ नेता शेरबहादुर देउवा, महामन्त्री प्रकाशमान सिंह, एमाले अध्यक्ष झलनाथ खनाल, संसदीय दलका नेता केपीशर्मा ओली, वरिष्ठ नेता माधवकुमार नेपाल, एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल, राप्रपाका अध्यक्ष सूर्यबहादुर थापा लगायतका नेता रहेका थिए ।

राजनीतिक दलका नेतासँगको भेटघाटमा २६ जना बारेमा छलफल भएपनि त्यसपछि मुद्दाले प्राथमिकता पाएन । राजनीति दलहरुबीच बेला बेलामा छलफल भइरहेका बेला नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बजुक्छेले २६ सिटमा दलिय भागबण्डा गर्न नहुने बताए ।[7] संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङले सरकारले २६ व्यक्तिलाई अबिलम्ब मनोनयन गरी संविधानसभालाई पूर्णता दिनुपर्नेमा जोड दिए ।[8]

सभासद्हरुको मनोनयन नहुनुमा सरकारको त कमजोरी थियो नै । राजनीतिक दलहरुमा पनि समस्या थियो । सभासद् बन्नका लागि मुख्य दलमा धेरै इच्छुक थिए । संविधानसभामा प्रत्यक्ष निर्वचनमा पराजित भएका, पहिला समानुपातिकको सूचीमा परेर पछि सांसद हुन नपाएका, राजनीतिक दल र नेतालाई सहयोग गरेकाहरु पनि समासद् हुन चाहान्थे । त्यसका लागि उनीहरुले नेतृत्वलाई समेत दबाब दिएका थिए । त्यसैले तत्काल निर्णय गर्दा पार्टीमा विवाद हुन्छ भनेर पनि नेतृत्वले तदारुकता लिएन । उता सरकारले पनि संविधानसभा चलेकै छ, काम हुन थालेका छन्, हतार किन गर्ने भन्ने मनसाय राखेको पाइन्थ्यो । जसलेगर्दा सरकारले संविधानसभामा २६ जनालाई मनोनित गरेन । अनि संविधानसभाले पूर्णता पाएन । संविधानसभामा २६ जना मनोनित गर्न नसक्दा सरकारको आलोचना भयो ।

**गणपुरक संख्या समेत पुगेन**

संसदको बैठक सञ्चालनका लागि संसद सदस्य संख्याको कम्तिमा एक चौथाइ सदस्य बैठकमा उपस्थित हुनु पर्छ । ५ सय ७१ मध्ये बैठक सञ्चालनका लागि १ सय ४३ सदस्य उपस्थित हुन अनिवार्य हुन्छ । तर, २०७० साल फागुन २२ गतेको बैठका १ सय २७ जना मात्र उपस्थित भएपछि सभामुखले बैठक नै स्थगित गर्नु पर्यो । 'चार वर्षको कार्यकालका लागि जनताबाट चुनिएर आएका सभासदहरुले निर्वाचनका समयमा जनताका सामु नयाँ नेपालको भविष्य सुनिश्चित गर्ने, नयाँ संविधान एकवर्षभित्र निर्माण गर्नुका साथै राज्यसञ्चालनमा आवश्यक पर्ने नीति नियमहरुको तर्जुमा गर्ने कसम खाएर आएका थिए। तर तिनै जनप्रतिनिधिहरु यति छोटो

[7] मनोनित २६ सिट दलिय भागवण्डाका आधारमा गर्नु गलत : बिजुक्छे । Retrieved April 1, 2014, from - See more at: http://www.nagariknews.com/politics/party-politics/story/15620#sthash.g7h3Hb5L.dpuf

[8] २६ जना तुरुन्तै मनोनित गर्नुपर्छ । Retrieved April 1, 2014, from - See more at: http://www.nagariknews.com/politics/party-politics/story/15449#sthash.wjLqFgP4.dpuf

समयमै सदनको कामकारबाहीमा अनुपस्थित हुनु भनेको उनीहरुले गरेको प्रतिबद्धताबाट च्यूत हुँदै गएको प्रमाणीत हुन्छ।'[9]

सभासद्हरुलाई उपस्थितिका लागि सभामुखले ध्यानाकर्षण गराएपनि यो समस्या आइरह्यो । सभासद्हरु उपस्थित नहुनुमा दुइटा कारण मुख्य थिए । पहिलो संसदमा सरकारकातर्फबाट आकर्षक प्रस्ताव पेश नहुनु । दोस्रो सभासद्हरु संसदप्रति उत्तरदायी नहुनु । सभासद्हरुले संसदमा उपस्थित नुहँदा संसदको गरिमामा समेत आँच आयो । तर, सभासद्हरुको भनाइ अर्कै थियो । जनताका माग लिएर मन्त्री, प्रधानमन्त्रीदेखि राष्ट्रिय योजना आयोगसम्म धाउनु परेकाले आफूहरु संसदमा पूरा समय बस्न नपाएको उनीहरुको धारणा थियो । संसदले अध्यादेशहरुलाई पारित त गर्यो ।[10] तर, नयाँ विजनेश दिन सकेन । जसलेगर्दा संसदको प्रभावकारिता निकै कम देखियो ।

## संसद अवरुद्ध

एमाओवादी मुख्य प्रतिपक्ष दल भएपनि संसदमा सशक्त रुमा प्रस्तुत हुन सकेको थिएन । उसले बेलाबेलामा मागहरु उठाउने गरेपनि निष्कर्षमा पुर्याउने गरी कदम चालेको थिएन । सरकारले दूधको मूल्य बढायो ।[11] यसको नेकपा माओवादी नेतृत्वको ३३ दलिय मोर्चाले बाहेक धैरै दलले विरोध गरेनन् । लगत्तै सरकारले पट्रोलियम पदार्थको पनि मूल्य वृद्धि गर्यो ।[12] पछि भने मुख्य प्रतिपक्षी दल एमाओवादी र प्रतिपक्षी दल राप्रपा नेपालले संसदमा चर्को आवाज उठाउनुका साथै संसद अवरुद्ध समेत गरे । एमाओवादीले भन्यो-'निगममा भएका अनियमितता, चुहावट र भ्रष्टाचारको बेवास्ता गरी जनतालाई मात्र बोझ थोपर्ने यस प्रकारको हर्कतले काँग्रेस-एमाले

[9] बढाथोकी, विष्णु । अधिकांश सभासद् हाजिर गरेर टाप ठोक्छन । Retrieved April 1, 2014, from http://setopati.com/raajneeti/9135/

[10] राष्ट्रपतिले सम्पत्ति शुद्धिकरण निवारण (दोस्रो संशोधन) ऐन २०७०, आर्थिक ऐन २०७०, निर्वाचन सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन २०७०, कसुर जन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण तथा जफत) ऐन २०७०, सपुर्दगी ऐन २०७०, नेपाल स्वास्थ्य सेवा (चौथो संशोधन) ऐन २०७०, निजामती सेवा (तेस्रो संशोधन) ऐन २०७०, संविधानसभा सदस्य निर्वाचन ऐन २०७०, पारस्पारिक कानूनी सहायता ऐन २०७०, संगठीत अपराध निवारण ऐन २०७०, संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धि ऐन २०६६ को साविकको व्यवस्था जगाउने समबन्धी व्यवस्था गर्न बनेको ऐन २०७०, बिनियोजन ऐन २०७० र राष्ट्र ऋण उठाउने ऐन २०७० प्रमाणीत गरेका थिए ।

[11] सरकारले प्रतिलिटर ६ रुपैयाँ बढाएको थियो ।

[12] २०७० साल फागुन ३० गतेदेखि लागू हुने गरी नेपाल आयल निगमले पेट्रोलमा प्रतिलिटर १० रुपैयाँ र डिजेल तथा मट्टितेलमा ६ रुपैयाँ बढाएको थियो ।

सरकारको यसप्रकारको जनविरोधी कार्यको कडा प्रतिवाद गर्दछौं।'[13] नेकपा माओवादी नेतृत्वको ३३ दलिय मोर्चाले त मूल्यवृद्धि विरुद्ध आन्दोलनका कार्यक्रम घोषणा गर्यो ।[14]

उता मूल्य वृद्धिको विरुद्ध विद्यार्थी संगठनहरुले पनि सडकमा आन्दोलन गरे । प्रतिपक्षी दलहरुले सदनमा तिव्र दबाब दिएपछि र सडकमा पनि आन्दोलत भएपछि सरकारले पेट्रोलियम पदार्थको मूल्य केही घटायो।[15] काँग्रेस, एमाले र एमाओवादीबीच उच्चस्तरीय राजनीतिक समिति बनाउने, पेट्रोलियम पदार्थमा भएको मूल्य वृद्धिको अध्ययन गर्नका लागि संसदीय समिति बनाउने लगायतका पाँच बुँदे सहमति भयो।[16]

**पार्टीभित्रै सरकारको आलोचना**

प्रतिपक्षी दलहरुमात्र होइन, सत्तामा रहेका दल काँग्रेस र एमालेभित्र पनि सरकारको आलोचना भयो । सरकारले जनताको पक्षमा काम नगरेको र प्रधानमन्त्री पार्टीसँग परामर्श नगरी एकलौटी रुपमा अघि बढेको पनि उनीहरुको आरोप थियो । त्यसैगरी निर्णय क्षमता नभएको आरोप पनि लगाइएको थियो ।

काँग्रेस र एमालेको संसदीय दलको बैठकमा सरकारको व्यापक आलोचना भयो । काँग्रेस सभासद्हरुको मन्त्री छनोट, पेट्रोलिमय पदार्थमा गरिएको मूल्यवृद्धि, सरकारको न्यूनतम साझा कार्यक्रम ल्याउने लगायतका प्रकृयामा सरकार संस्थागत रुपमा नचलेको आरोप थियो ।[17] एमालेका सभासद्हरुले पनि संसद छलेर सरकारको नीति तथा कार्यक्रम ल्याएको भन्दै सरकारको आलोचना गरे।[18] हुन पनि स्थिति राम्रो थिएन । 'मन्त्रिपरिषद्ले ६ सहसचिवलाई बढुवा गरेको

---

[13] २०७० साल फागुन ३० गते एमाओवादीका प्रवत्ता दिनानाथ शर्माले जारी गरेको प्रेस विज्ञप्ति ।

[14] १. चैत्र ७ गते देशका प्रमुख शहरहरुमा विरोध प्रदर्शन तथा सभा गर्ने । काठमाडौंमा अपरान्ह ४ बजे शान्तिबाटिकामा विरोध प्रदर्शन तथा जनसभा गर्ने ।
२. चैत्र ९ गते धर्ना दिने । काठमाडौंमा सिंहदरबार अगाडि भद्रकालीमा अपरान्ह ४ देखि ५ बजेसम्म धर्ना दिने । राजधानीबाहिरका जिल्लाहरुमा सिडियो कार्यालय अगाडि धर्ना दिने (२०७० साल चैत्र ६ गते ३३ दलिय मोर्चाका तर्फबाट नेकपा माओवादीका नेत देव गुरुङले जारी गरेको प्रेस नोट) ।

[15] २०७० साल चैत्र ६ गते सरकारले पेट्रोलमा साढे पाँच, डिजेल र मट्टितेलमा साढे दुई रुपैयाँ घटाएको थियो ।

[16] पाँच विषयमा उच्चस्तरीय सहमति । Retrieved April 1, 2014, from - See more at: http://www.nagariknews.com/politics/party-politics/story/15615#sthash.OLuI9cWN.dpuf

[17] न्यौपाने, कुलचन्द्र । चैत्र १०, सत्तारुढभित्रै सरकारको आलोचना । कान्तिपुर, पृ.१ ।

[18] खनाल, दुर्गा । चैत्र १०, सत्तारुढभित्रै सरकारको आलोचना । कान्तिपुर, पृ.१ ।

एक महिना भइसक्यो ।[19] छ मन्त्रालयमा मन्त्री र ४ मन्त्रालय सहित ८ निकायमा सचिव रिक्त छन् । मन्त्री र सचिव नहुँदा ती मन्त्रालयमा नयाँ निर्णय र कामकारवाही ठप्प छ । मन्त्रिपरिषद्ले २६ सदस्यीय मनोनित नगरेकाले संविधानसभा ५ महिनादेखि अपूर्ण छ । सरकारलाई न मन्त्री न सभासद् नियुक्तिको हतारो छ नत सचिव पदास्थापनाको । मन्त्री, राजदूत र राजनीतिक नियुक्ति प्रकृया शुरु नगरेका कारण सरकारको गति सुस्त छ ।[20]

## दुई माओवादी एक ठाउँमा

सरकारमा रहेका मन्त्रीहरुले स्थानीय निकायको निर्वाचन गर्ने बताउँदै आएका थिए । काँग्रेसले स्थानीय निर्वाचनलाई समेत मध्य नजर राख्दै मेची काली अभियान थाल्ने घोषणा गर्यो ।[21] एमाले केन्द्रीय कमिटीको बैठकले स्थानीय निकायको निर्वाचनको मिति अबिलम्ब घोषणा गर्न सरकारको ध्यानाकर्षण गर्यो ।[22]

सशस्त्र संघर्षका क्रममा मानव अधिकार उल्लंघनका घटनामा संलग्न भएको भन्दै सरकारले विगतमा माओवादीमा रहेका तथा अहिलेपनि सकृय रहेका नेता तथा कार्यकर्ताहरुलाई पक्राउ गर्न थालेपछि र स्थानीय निकायको निर्वाचन गर्ने तयारी गरेपछि एमाओवादी र नेकपा माओवादीका नेताहरु झस्किन पुगे । अरु मुद्दा तथा विषयमा दुई माओवादीबीच तिव्र मतान्तर भएपनि द्वद्न्वका बेला भएका मानव अधिकार उल्लंघनका घटनाबारे सत्य निरुपण तथा मेलमिलाप आयोग गठन भएपछि मात्र छानबिन गरी दोषीलाई कारवाही गर्नु पर्नेमा उनीहरु पहिलेदेखि नै मत विचार मिल्दै आएको थियो । सत्य निरुपण तथा मेलमिलाप आयोग गठनमा ढिलाइ भइरहेको र सशस्त्र द्वन्द्वका घटनाबारे सरकार सकृय भएपछि एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल र माओवादी अध्यक्ष मोहन बैद्यले भेटघाट गरे । र, उनीहरुले संयुक्त वक्तव्य निकाली भने-'बिस्तृत शान्ति सम्झौता अनुसार सत्य निरुपण तथा बेपत्ता छानबिन आयोग बनाएर समस्या समाधान गर्न तदारुकता देखाउनुका सट्टा युद्धकालिन मुद्दा ब्यूँताउने कामको हामी जोडदार विरोध एवं भर्त्सना गर्दछौ र यस प्रकारका कृयाकला अबिलम्ब रोक्न तथा गिरफतार गरिएकालाई रिहाइ गर्न हामी सरकारसँग माग गर्दछौ । सत्य निरुपण तथा मेलमिलाप आयोग

[19] २०७० साल फागुन २९ गते बसेको मन्त्रिपरिषद्को बैठकले सहसचिवहरु प्रभाकर पाठक, अनुपकुमार उपाध्याय, हरिकुमार श्रेष्ठ, नारायणप्रसाद रेग्मी, मधुप्रसाद रेग्मी र भोलाप्रसाद शिवाकोटीलाई सचिवमा बढुवा गरेको थियो ।

[20] न्यौपाने, कुलचन्द्र । चैत्र १८, २०७० । अलमलमा प्रधानमन्त्री । कान्तिपुर.पृ १ ।

[21] २०७० साल फागुन २२ गते नेपाली काँग्रेसले जारी प्रेस विज्ञप्ति ।

[22] २०७० साल फागुन २२ गते नेकपा एमालेले जारी गरेको प्रेस विज्ञप्ति ।

गठन गरी त्यसरबारे छानबिन गरेर समाधान गरिनु पर्छ भन्ने बृहत शान्ति सम्झौताको मर्म र भावनालाई अबिलम्ब लागू गरियोस भनि सम्बद्ध पक्षसँग हामी विशेष आग्रह गर्दछौ ।[23]

चैत्र ६ गते प्रहरीले सशस्त्र द्वन्द्वका बेला भएका घटनालाई लिएर काठमाडौंको मनमैजुका छविलाल पौडेल र चितवन रत्ननगर नगरपालिका निवासी भिमसेन पौडेललाई गिरफ्तार गरेको थियो । यसप्रति नेकपा माओवादीले विरोध गर्दै अबिलम्ब रिहा गर्न माग गरेको थियो ।[24] माओवादीहरुले दबाब दिइरहेका बेला  सरकारले संसदबाट नै १५ दिन भित्रमा आयोग गठन गर्ने प्रतिबद्धता जनायो ।[25]

सरकार र दुवै माओवादीबीच दुरी बढिरहेका बेला सरकारले सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्त सम्बन्धी छानबिन आयोग बनाउन विधेयक मस्यौदा १० दिनभित्र तयार पार्न शान्ति तथा पुनर्निर्माण मन्त्रालयका सहसचिव साधुराम सापकोटाको संयोजकत्वमा ११ सदस्यीय कार्यदल बनायो । जसले दुई दिनपछि काम शुरु गर्यो ।[26]

[23] २०७० साल फागनु २९ गते एमाओवादीका अध्यक्ष पुष्पकमल दाहाल र नेकपा माओवादीका अध्यक्ष मोहन बैद्यले जारी गरेको संयुक्त प्रेस वक्तव्य ।

[24] २०७० साल चैत्र ७ गते नेकपा माओवादीका प्रवत्ता पम्फा भुसालले जारी गरेको प्रेस नोट ।

[25] सत्य निरुपण र बेपत्ता आयोग '१५ दिनभित्र' ।

[26] खड्का, घनश्याम । चैत्र १७, २०७० । कार्यदलले थाल्यो काम । कान्तिपुर.पृ ३ ।

एमाओवादी नेता दाहाल र माओवादी नेता बैद्यले स्थानीय निकायको निर्वाचन गर्ने भन्दै काँग्रेस र एमालेका नेता तथा मन्त्रीहरुले दिएका अभिव्यक्तिप्रति पनि आपत्ति जनाउँदै भने-'स्थानीय निकाय सम्बन्धमा अन्तरिम संविधानको धारा १३८ का अनुसार राज्यको अग्रगामी पुन:संरचना गरी नयाँ संविधान निर्माण भएपछि मात्र सोही अनुरुपको स्थानीय निकायबारे व्यवस्था गर्नु पर्ने देखिन्छ। परन्तु संघीय संविधान नबन्दै संक्रमणकालिन संरचनाबारे निर्वाचन गर्न खोज्नु नयाँ संघीय संविधान निर्माण नगरिने त होइन भनेर गम्भीर प्रश्न उठनुका साथै अन्तरिम संविधान २०६३ के धारा १३८ विपरित समेत हुने भएकाले नयाँ संविधान निर्माणलाई प्राथमिकता दिइ सो नहुँदासम्म स्थानीय निर्वाचन नगरियोस भनी हामी सम्बद्ध पक्षहरुसँग जोडदार आग्रह गर्दछौ ।'[27]

दुवै माओवादीको विरोध हुँदै पनि स्थानीय विकास मन्त्रालयले स्थानीय निकायको निर्वाचनलाई लक्षित गरी स्थानीय निकाय स्वायत्त शासन ऐन २०५५ को संशोधन गर्ने विधेयकको मस्यौदा परामर्शका लागि कानून मन्त्रालयमा पठायो ।[28] राजनीतिक दलका नेताहरुले संविधानसभाको निर्वाचन भएको ६ महिनाभित्र स्थानीय निकायको निर्वाचन गराउने बताएपनि निर्वाचन आयोगले फागुन महिनाभित्र मिति घोषणा नगरे जेठमा स्थानीय निकायको निर्वाचन हुन नसक्ने स्पष्ट पार्यो ।[29]

## विविध

यो महिना एमालेको केन्द्रीय कमिटीले पार्टीको नवौं महाधिवेशन जेठको अन्तिममा राजधानीमा गर्ने निर्णय गर्यो । प्रधानमन्त्री सुशील कोइरालाले टनकपुर भारतको हो भनी अभिव्यति दिएको भन्दै संसदमा आवाज उठेपछि सभामुख सुवासचन्द्र नेम्वाङले त्यसबारे स्पष्ट पार्न सरकारलाई निर्देशन दिए । सत्ता साझेदार एमालेले पनि यसको विरोध गर्यो । एमाले केन्द्रीय कमिटीले नेपालको सीमा क्षेत्र र सीमा नदीसँग सम्बन्धित विषयमा प्रधानमन्त्रीको अभिव्यक्तिले विवाद

[27] २०७० साल फागनु २९ गते एमाओवादीका अध्यक्ष पुष्पकमल दाहाल र नेकपा माओवादीका अध्यक्ष मोहन बैद्यले जारी गरेको संयुक्त प्रेस वक्तव्य ।

[28] स्थानीय चुनावको कानूनी तयारी । Retrieved April 1, 2014, from - See more at: http://www.nagariknews.com/politics/story/15138#sthash.BQmjdnPm.dpuf

[29] फागुनमा मिति नतोके जेठमा असम्भव । Retrieved April 1, 2014, from - See more at: http://www.nagariknews.com/politics/story/14552#sthash.MW34EmRc.dpuf

जन्माएको बताउँदै यस सम्बन्धमा सरकारको दृष्टिकोण स्पष्ट पार्न आग्रह गर्यो ।[30] सरकारले संवैधानिक निकाय, सर्वोच्च अदालतका न्यायाधीश र राजदूत नियुक्तिको कुरा चलाइहेका बेला नेपाल बार एशोसियसनले सभामुखलाई भेटी अन्तरिम संविधानको बाधा अडकाउ प्रवाधानलाई टेकेर गरिएका संवैधानिक अंगका पदाधिकारी, सर्वोच्च अदालतका न्यायाधीश र राजदूतहरुको संसदीय सुनवाइ गर्न आग्रह गर्यो ।

एमाओवादी र नेकपा माओवादीबीच पार्टी एकता हुने नहुनेबारे पनि चर्चा चल्यो । मूलत : दुवै पार्टीका अध्यक्षहरुबीच पार्टी एकताबारे छलफल भइरहेका बेला एमाओवादीका नेता बाबुराम भट्टराईले एकता हुन नसक्ने बताए । माओवादीका अध्यक्ष मोहन बैद्यले ऐमाओवादीसँग पार्टी एकिकरण कल्पना समेत नगरेको बताए ।[31] उता माओवादीका महासचिव रामबहादुर थापाले पनि सच्चिएर नआउँदासम्म एमाओवादीसँग एकता हुन नसक्ने बताए । नियुक्ति गर्न नसकेर धैरै आलोचना भइरहेका बेला संवैधानिक परिषद्को बैठकले सर्वोच्च अदालतका कायम मुकायम प्रधानन्यायाधीश दामोदरप्रसाद शर्मालाई प्रधानन्यायाधीशमा सिफारिस गर्यो । सरकार सञ्चालनमा सहयोग गर्नका लागि भन्दै काँग्रेस र एमालेका नेताहरु रहेको समिति गठन भयो।[32] राजनीतिक दलहरुबीच उच्चस्तरीय राजनीतिक संयन्त्रलाई पनि पुनर्जिवित गर्ने सहमति भयो । नेताहरुले उच्चस्तरीय समितिले संविधान बाहिर रहेर छलफल गर्ने र संविधानसभामा नरहेका दलहरुलाई समेत समेटन सक्ने धारणा व्यक्त गरे ।[33]

एमाले नेताहरुबीच महाधिवेशनको विषयलाई लिएर गुट बढ्यो भने काँग्रेस र एमाओवादीमा पनि आन्तरिक द्वन्द्व बढ्यो । पार्टी सभापति सुशील कोइरालाले कार्यवाहक सभापति दिन नमानेपछि उपसभापति रामचन्द्र पौडेल असन्तुष्ट भए।[34] यसबीचमा एमाओवादी उपाध्यक्ष बाबुराम भट्टराईले मुलुकमा नयाँ शक्तिको आवश्यकताबारे बहस चलाए । एमाओवादी अध्यक्षलाई भेटेर उनले भनेका थिए- 'यो शैलीले पार्टी राम्रो बन्दैन, आन्दोलन नयाँ चरणमा पुगिसक्यो त्यसैले

---

[30] २०७० साल फागुन २२ गते नेकपा एमालेले जारी गरेको प्रेस विज्ञप्ति ।

[31] पार्टी एकिकरणको सम्भावना छैन : अध्यक्ष बैद्य । Retrieved April 1, 2014, from - See more at: http://www.nagariknews.com/politics/story/15223#sthash.2FlqIobp.dpuf

[32] २०७० साल चैत्र १० गते गठन गरिएको समितिमा काँग्रेसका तर्फबाट प्रधानमन्त्री सुशील कोइराला, वरिष्ठ नेता शेरबहादुर देउवा, उपसभापति रामचन्द्र पौडेल, महामन्त्रीहरु प्रकाशमान सिंह र कृष्णप्रसाद सिटौला छन भने एमालेका तर्फबाट अध्यक्ष झलनाथ खनाल, वरिष्ठ नेता माधवकुमार नेपाल, संसदीय दलका नेता केपीशर्मा ओली, उपाध्यक्ष वामदेव गौतम र महासचिव ईश्वर पोखरेल छन् ।

[33] उच्चस्तरीय समिति बन्ने । चैत्र १४, २०७० । कान्तिपुर, पृ.१ ।

[34] काँग्रेसमा कार्यवाहक सभापतिको किचलो । चैत्र ७, २०७०। कान्तिपुर, पृ.३ ।

पार्टीलाई नयाँ विचार, नयाँ शक्तिमा बदल्नुको विकल्प छैन ।'[35] यसलाई एमाओवादी अध्यक्ष दाहालले पार्टी विपरित भनी आरोप लगाए।[36] वैशाख १८ गतेदेखि विराटनगरमा हुने राष्ट्रिय सम्मेलनको मिति नजिकिदै गर्दा एमाओवादीमा एक पछि अर्को विवाद देखा पर्यो ।

यसैबीच व्यक्ति हत्याको आरोपमा प्रहरीले धनुषा ४ बाट निर्वाचित सभासद् तथा सद्भावना पार्टीका उधाध्यक्ष सञ्जयकुमार साहलाई पक्राउ गर्न प्रहरीले पूर्जी जारी गर्यो ।[37]

## निष्कर्ष

सत्तारुढ दलहरुमा विश्वासको संकत स्पष्ट देखियो । एकले अर्कोलाई विश्वास नगर्ने र क्षेत्राधिकारबारे विवाद गर्नाले निर्णय हुन नसकेर समय त धर्कियो नै । मुलुकको राजनीति समेत अन्योलमा पर्यो । यसले सत्तारुढ दलहरु एकजुट भएर काम गर्न सक्दैनन र तत्काल निर्णय गरी मुलुकलाई संकटबाट निकास दिँदैन भन्ने सन्देश दियो । अघिल्लो संविधानसभाले गरेका कामलाई स्वामित्व दिने निर्णय र समितिहरुमा सभापतिको चयनले संविधान निर्माणलाई सहज बनाउनुका साथै प्रकृयालाई पनि छोटो पारिदियो । नेताहरु दलगत स्वार्थमा केन्द्रित नभइ संविधानसभाको निर्वाचनमा पाएको जनमत अनुसार प्रस्तुत हुने हो भने एक वर्षभित्रमा संविधान बनाउन सकिने आधारलाई मजबुत बनाइदियो ।

वर्तमान सरकारले अघिल्लो गैरदलिय सरकारले गर्न नसकेका संवैधानिक अंग, सर्वोच्च अदालत र राजदूतहरुको नियुक्ति गर्नका लागि सकृयता देखाउनु पर्ने हो । यस्तै संविधानसभामा २६ जनालाई मनोनयन गर्नु पर्ने हो । तर धैरै काम गर्न नसकी असक्षमता प्रदर्शन गर्यो । यसले सरकारमा देखिएको निर्णयहिनतालाई थप प्रष्टाइदियो । त्यस्तै संसदलाई आवश्यक विजनेश दिन पनि सरकार असफल भयो । त्यतिमात्र होइन, संसदमा उठेका महत्वपूर्ण सबालमा जवाफ निदएर संसदलाई समेत गुमराहमा राख्ने प्रयत्न गर्यो । मानव अधिकार उल्लंघनका घटनाबारे पनि सरकार प्रष्ट हुन सकेन । मानवअधिकारकर्मी तथा नागरिक समाजबाट दबाब आउँदा सशस्त्र द्वन्दवका बेला भएका घटनमा संलग्नलाई पक्राउ गरे झै गरेपनि अरु बेला भने सत्यनिरुपण तथा मेलमिलाप र बेपत्ता छानबिन आयोग गठनको कुरा गर्यो । यसले सरकार नै स्पष्ट नभएको

[35] बाबुरामको नयाँ शक्ति कस्तो ? Retrieved April 2, 2014, from http://www.ekantipur.com/np/2070/11/29/full-news/385632/

[36] भट्टराई पार्टी पद्धति विपरित । चैत्र ७, २०७०। कान्तिपुर, पृ.३ ।

[37] २०६९ बैशाख १८ गते पाँच जनाको ज्यान जाने गरी जनकपुरमा भएको बम विस्फोटमा साहको संलग्नता भएको प्रहरीको भनाइ थियो ।

देखायो । माओवादीहरु भने यस मुद्दामा निकै संवेदनशिल थिए । उनीहरुले सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोग सम्बन्धी विधेयकलाई आफ्नो अनुकूल बनाउन पार्टी फुटेपनि एक भएर अघि बढ्न सक्ने सन्देश दिए । जुन सरकार, काँग्रेस र एमालेलाई चूनौती पनि थियो ।

सत्तारुढ दलभित्र नै सरकारको आलोचना हुनु र मुख्य दलहरुभित्र विवाद रहेकाले राजनीतिक मुद्दामा मुलुक सहज रुपमा अघि बढ्ने भन्दा पनि समस्या आइरहने देखियो ।

# मुख्य राजनीति गतिविधि

**फागुन १७**

सभामुख सुवासचन्द्र नेम्वाङद्वारा प्रधामन्त्री सुशील कोइरालाको टनकपुर बाँध सम्बन्धी अभिव्यक्तिबारे स्पष्ट पार्न सरकारलाई निर्देशन ।

**फागुन १९**

बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगसम्बन्धी बंगाल खाडीको प्रयास (बिमस्टेक) को तेस्रो शिखर सम्मेलनमा सहभागी हुन प्रधानमन्त्री सुशील कोइराला म्यानमार प्रस्थान ।

**फागुन २०**

संविधानसभाद्वारा संविधानसभा नियवाली मस्यौदा समितिको म्याद एक साता थप ।

**फागुन २१**

स्थानीय निकायको निर्वाचनको मिति घोषणा गर्न दबाब दिँदै राप्रपा नेपालद्वारा देशका सबै जिल्लाका जिल्ला प्रशासन कार्यालयमा धर्ना ।

एमाले केन्द्रीय कमिटीको बैठक । नवौं महाधिवेशन आगामी जेठ अन्तिम साता राजधानीमा गर्ने निर्णय ।

**फागुन २२**

आवश्यक कोरम नपुगेर संसद बैठक स्थगित ।

**फागुन २४**

नेपाल बार एशोसियसनका पदाधिकारी र सभामुखबीच भेटघाट । बाधा अडकाउ आदेशपछि संवैधिनक अंगका पदाधिकारी, सर्वोच्च अदालतका न्यायाधीश र राजदूतको संसदीय सुनवाइ हुनुपर्ने बारको माग ।

**फागुन २६**

प्रधानमन्त्री सुशील कोइराला र एमाओवादी अध्यक्ष पुष्पकमल दाहालबीच भेटघाट । नयाँ संविधान प्रमाणीकरण र मन्त्रिपरिषद्ले नियुक्त गर्ने २६ जना सभासद्बारे छलफल

**फागुन २७**

काँग्रेस र एमाले नेताहरुबीच भेटघाट । नयाँ संविधान संविधानसभा अध्यक्षले प्रमाणीकरण गर्ने र राष्ट्रपतिले दस्तखत गरी घोषणा गर्नेमा सहमति ।

**फागुन २९**

संविधानसभा बैठक । संविधानसभा नियमावली मस्यौदा समितिद्वारा संविधानसभा र व्यवस्थापिका संसदको नियमावली पेश ।

**चैत्र १**

नेकपा माओवादीसँग तत्काल पार्टी एकता नहुने एमाओवादी नेता बाबुराम भट्टराईको भनाइ ।

**चैत्र ३**

सरकारी जागिरमै रहँदै उम्मेदवार बनेको भन्दै संविधानसभा विशेष अदालतद्वारा राप्रपा नेपालबाट सभासद चयन भएका कान्त भट्टराई निलम्बन ।

**चैत्र ४**

काँग्रेसद्वारा प्रमुख सचेतकमा चीनकाजी श्रेष्ठ र सचेतकमा इश्वरी न्यौपाने मनोनित ।

पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धिको विषयलाई लिएर मुख्यप्रतिपक्षी दलद्वारा संसद बैठक अवरुद्ध ।

सरकारद्वारा न्यूनतम साझा कार्यक्रम सार्वजनिक । एक वर्षभित्र संविधान जारी गर्ने मुख्य प्राथमिकता ।

**चैत्र ५**

संविधानसभा निर्वाचनमा सोलुखुम्बु जिल्लाबाट विजयी काँग्रेस सभासद् बलबहादुर केसी विरुद्ध संविधानसभा अदालतमा परेको मुद्दा खारेज ।

**चैत्र ६**

सच्चिएर नआउँदासम्मा एमाओवादीसँग एकता सम्भव नभएको माओवादी महासचिव रामबहादुर थापाको भनाइ ।

सद्भावना पार्टीका अध्यक्ष राजेन्द्र महतोद्वारा प्रधानमन्त्री सुशील कोइरालासँग भेट । उपाध्यक्ष एवं सभासद् सन्जयकुमार साहलाई पक्राउ पूर्जी जारी गरिएकोमा आपत्ति । छानविनका लागि निष्पक्ष आयोग गठन गर्न माग ।

**चैत्र ७**

व्यवस्थापिका संसद बैठक । संविधानसभा र व्यवस्थापिका संसदको नियमावली पारित ।

**चैत्र ८**

प्रधानमन्त्री सुशील कोइराला र मन्त्रीहरुले कार्यकर्ताहरुसँग पार्टी कार्यालयमा छुट्टै भेटघाट गर्ने । त्यसका लागि फरक फरक समय निर्धारण ।

**चैत्र ९**

काँग्रेस संसदीय दलको बैठक । संस्थागत रुपमा सरकार सञ्चालन नगरेको भन्दै प्रधानमन्त्री सुशील कोइरालाको व्यापक आलोचना ।

**चैत्र १०**

सत्ता सञ्चालनका लागि समन्वयात्मक भूमिका निर्वाह गर्न काँग्रेस र एमालेका नेताहरु रहेको समिति गठन ।

काँग्रेस र एमालेका शिर्ष नेताहरुबीच भेटघाट । संवैधानिक निकायमा रिक्त रहेका पद र २६ जना सभासद् मनोनयनबारे छलफल ।

**चैत्र ११**

बालुवाटारस्थित प्रधानमन्त्री कार्यालयमा काँग्रेस, एमाले र एमाओवादीका शिर्ष नेताहरुको बैठक । सत्य निरुपण तथा मेलमिलाप र बेपत्ता छानबिन सम्बन्धी विधेयक छिट्टै ल्याउने सहमति ।

**चैत्र १२**

काँग्रेस संसदीय दलको कार्यसमितिको निर्वाचन स्थगित ।

**चैत्र १३**

काँग्रेस,एमाले र एमाओवादीका शिर्ष नेताहरुको बैठक । उच्चस्तरीय राजनीतिक संयन्त्रलाई पुनर्जिवित गर्ने लगायतका पाँच बुँदे सहमति।

संविधानसभा कार्यव्यवस्था समितिको बैठक । सबै सभासद्हरुले बैशाख १ गतेदेखि एउटै पोसाक लगाउनु पर्ने निर्णय ।

**चैत्र १४**

संविधानसभाका पाँच वटा समिति गठन ।

स्वामित्व लिने गरी संविधानसभा बैठकमा अघिल्लो संविधानसभाका अभिलेखहरु प्रस्तुत । संविधानसभाको बैठकद्वारा पारित ।

**चैत्र १६**

सत्य निरुपण तथा मेलमिलाप र बेपत्ता सम्बन्धी छानिबन आयोग गठन सम्बन्धि विधेयक मस्यौदा कार्यदलद्वारा काम शुरु ।

**चैत्र १७**

संवैधानिक परिषद्को बैठक । प्रधानन्यायाधीशमा कायममुकायम प्रधानन्यायाधीश दामोदरप्रसाद शर्मालाई नियुक्तिका लागि सिफारिस ।

अन्तरार्ष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदनका लागि दबाब दिन भन्दै मानवअधिकारकर्मी कृष्ण पहाडी आमरण अनसनमा ।